तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर,दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

जि. प्रमुख प्रशासकीय अधिकृत

## जडिवुटी, कवाडी,जिवजन्तुको व्यवसायीक उपयोग कर उठाउने सम्बन्धि बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०३/३०

स्थानीय सरकार संचालन ऐन २०७४को परिच्छेद ९ को दफा ६१ एवं तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन, २०८१ वमोजिमका तपसिलका वस्तुहरुमा तोकिए वमोजिमको दरमा व्यावसायीक उपयोग कर व्यवस्थापन प्रयोजनार्थ सूचना प्रकाशन भएको मितिले ३० दिन सम्ममा बोलपत्र बापतको दस्तुर फिर्ता नहुने गरी तुलसीपुर उपमहानगरपालिको नाममा रहेको नेपाल इन्भेष्टमेन्ट मेघा बैंक तुलसीपुरमा खातान.०३०१०१४००२५००९२मा जम्मा गरेको भौचर scan copy पेश गरीwww.bolpatra.gov.np/egp मार्फत अथवा यस कार्यालयबाट खरिद गरी ३१औं दिनको दिउँसो १२:०० वजे सम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक फर्म/कम्पनि/ प्रा.लि.ले तपिसलको तोकिएको वार्षिक न्युनतम अंकमा नघट्ने गरी बढावढका आधारमा प्रतिस्पर्धा हुने गरी बोलपत्र Ebidding/Hardcopyको माध्यमबाट पेश गर्न सम्वन्धित सवैका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र. सं. | ठेक्का विवरण | ठेक्का नं. | बार्षिक न्यूनतम अंक (भ्याट बाहेक)रु | ठेक्का समयावधि | बोलपत्र दस्तुर (रु) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | तुलसीपुर उपमहानगरपालिका अर्न्तगत जडिवुटी, कवाडी,जिवजन्तुको व्यवसायीक उपयोग शूल्क व्यवस्थापन ठेक्का | रा १६/०८१/८२ | ४०,०००००।- | ३ वर्ष | ३,०००।- | कवोल अंकको ५ प्रतिशत | |

## तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### तुलसीपुर,दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

**शर्त तथा वन्देजहरु :**

१. आर्थिक ऐन ,२०८१ अनुसार तपसिलका वस्तुहरुको दर रेट देहाय वमोजिमको हुनेछ :

| क.सं. | विवरण | दर |
|---|---|---|
| १ | **तुलसीपुर उ.म.न.पा.क्षेत्रभित्र उत्पादित बस्तुहरु** | |
| | उन (प्राकृतिक, कृतिम, जगर) प्रति के.जी | रु.। १० पैसा |
| | खोटो प्रति के.जी | रु.। ५० पैसा |
| | जडिबुटि प्रति के.जी | रु. १।५० |
| | **बनकस (खर), अम्लिसो, बाबिया, लोक्ता,पटेर, मलहन पत्ता, छवाली, पराल, निगालो आदि** | |
| | प्रति गाडा/ठेला | रु. १०।- |
| | प्रति ट्रेक्टर | रु. ५०।- |
| | प्रति ट्रक | रु. १००।- |
| २ | **मरेका वा मारिएका जिवजन्तु र पशु पंक्षिहरुको हाड, सिङ्ग, खुर, प्वांख** | |
| | प्वांख प्रति के.जी. | रु. २।- |
| | सिङ्ग प्रति के.जी. | रु. २।- |
| | हाड प्रति के.जी. | रु. १।- |
| | खुर प्रति के.जी. | रु. २।- |
| ३ | **मरेका वा मारिएका जिवजन्तुहरुको छाला** | |
| | छाला (ठुलो जनावर) प्रति गोटा | रु. ३०।- |
| | छाला (सानो जनावर) प्रति गोटा | रु. १५।- |
| ४ | **कवाडि वस्तुहरु** | |
| | फलाम प्रति क्वी | रु.२००।- |
| | धातु तामा पितल प्रति क्वी | रु.३००।- |
| | पुरानो कागज,कार्टुन प्रति क्वी | रु.१००।- |
| | प्लाष्टिक प्रति क्वी | रु.१००।- |
| | अन्य प्रति क्वी | रु.२५।- |
| | सिसाको बोतल ठुलो प्रति पिस (वियरको बोतल) | रु.००।७५पैसा |
| | सिसाको बोतल सानो प्रति पिस | रु.।२५पैसा |
| | टिनको पाता / टिन प्रति क्वी | रु.१००।- |
| | टायर ट्युब प्रति क्वी | रु.१००।- |
| | जलेको मोबिल प्रति लिटर | रु.१।- |
| | उनका टुक्रा, गारमेन्ट टुक्रा, कार्पेट टुक्रा प्रति के.जी | रु.१।- |

२. बोलपत्र साथ मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, स्थानीय तहमा दर्ता भएको व्यवसायी नविकरण प्रमाणपत्र वोलपत्र साथ संलग्न राखी आफुले कवोल गरेको अंकको ५% ले हुने धरौटी रकम यस उपमहानगरपालिकाको नेपाल इन्भेष्टमेन्ट मेगा वैंक तुलसीपुर, दाङ स्थित ०३१०१४००२५००३० धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न हुनु पर्नेछ ।

३. बोलपत्रमा आफुले कवोल गरेको अंक र अक्षरमा प्रष्ट संग लेखी सही छाप गरी पेश गर्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ साथै कुनै शर्त राखी पेश गरेको वोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर,दाङ

लुम्बिनी प्रदेश, नेपाल

२०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

४. बोलपत्र पेश गर्दा खामको दायाँ साइडमा यस कार्यालयको नाम र बायाँ साइडमा बोलपत्र दाताको नाम, ठेगाना र यो विषयको बोलपत्र भनी लेखिएको हुनु पर्नेछ ।

५. बोलपत्र पेश गर्ने अन्तिम दिन ३१ औं दिनको अपरान्ह २.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालय प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ । बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ ।

६. बोलपत्रमा आफूले कवोल गरेको अंक र अक्षरमा प्रष्टसंग लेखी सही छाप गरी पेश गर्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ साथै कुनै शर्त राखी पेश गरेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।.

७ . बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिनभित्र कवोल अंकको ५०% ले हुन आउने रकम यस कार्यालयको खातामा दाखिला गरी, कवोल अंकको १३% ले हुन आउने मूल्य अभिबृद्धी कर वापतको रकम र १.५% ले हुने अग्रिम आयकर वापतको रकम आन्तरीक राजश्व कार्यालय तुलसीपुर, दाङमा दाखिला गरेको प्रमाण ठेक्का सम्झौताका वखत एकमुष्ट पेश गर्नु पर्नेछ । साथै वांकी ५०% मध्ये ३०% ले हुन आउने दोश्रो किस्ता वापतको रकम २०८१ साल पुष मसान्त भित्र तथा २०% ले हुन आउने तेश्रो किस्ता वापतको रकम २०८१ साल चैत्र मसान्त भित्र दाखिला गरी सक्नु पर्नेछ । संझौता गर्दा उक्त दोश्रो र तेश्रो किस्ता रकम वरावरको अर्को वर्ष श्रावण मसान्त सम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारवाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंकग्यारेन्टी (पर फरमेन्स वण्ड)पेश गर्नुपर्नेछ । तोकिएको समय भित्र किस्ता रकम नबुझाएमा उक्त बैंक ग्यारेन्टी बाट (परफरमेन्स वण्ड) किस्ता रकम र १० % जरिवाना सहित अशुल उपर गरि अर्को व्यवस्था गर्न सकिनेछ । यसमा ठेकेदारले कुनै किसीमको हर्जाना दावी गर्न पाउने छैन ।

८. ठेकेदार र कार्यालय बीचमा ठेक्काको शर्त सम्बन्धी कुरामा बिवाद पर्न आएमा तुलसीपुर उप महानगरपालिका,दाङको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

९. आफूले लिएको ठेक्काको चलन गरी रकम उठाउने जिम्मेवारी ठेकेदार स्वयंकै हुनेछ ।

१०. कुनै पनि वहानामा अस्थायी चलानपूर्जी दिन कार्यालय वाध्य हुने छैन ।

११.संघीय सरकार, प्रदेश सरकार र यस उप महानगरपालिकाले समय समयमा दिएको निर्देशन एवं परिपत्रको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

११.दररेट सहितको साइनवोर्ड सबैले देख्ने गरी सम्वन्धित कर संकलन केन्द्रमा अनिवार्य रुपमा राख्नु पर्नेछ । तर राजमार्ग वा सहायक राजमार्गमा यातायात अवरुद्ध हुने गरी कुनै काम गर्न/गराउन पाइने छैन ।

१२. यस कार्यालय लाई बुझाउनु पर्ने ठेक्का रकम नेपालवन्द, आमहडताल, नाकावन्दी र चक्काजाम जस्ता अप्रत्यासित घटना वा अन्य कुनै पनि कारण देखाई मिनाहा माफी माग गर्न पाइनेछैन ।

१३. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस उप महानगरपालिका दाङमा सुरक्षित रहनेछ ।

१४. प्रचलित कानून अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै आफ्नो तर्फबाट व्यहोर्नु पर्नेछ ।

१५. कार्यादेश लिएको मितिदेखि मात्र ठेक्का चलन गर्न पाइनेछ । साथै ठेक्काको अवधि आ.व.२०८१।८२ देखि २०८३।२०८४ साल आषाढ मसान्तसम्म मात्र हुनेछ ।

१७. ठेक्काको दररेट र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको सूचना पाटी वा राजश्व प्रशासन शाखामा सम्पर्क राख्न हुन समेत जानकारी गराईन्छ ।

१८ प्रत्येक आर्थिक वर्षको श्रावण महिनामा कवोल अंकको ५० प्रतिशत रकम,१० प्रतिशत वृद्दि भएको रकम,१३ प्रतिशत भ्याट र १.५प्रतिशत अग्रिम आयकर जम्मा गरी ,बाँकी ५० प्रतिशतको बैंक ग्यारेन्टी सहित ठेक्का नविकरण गर्नुपर्नेछ ।

१९. बार्षिक कवोल अंकलाई आधार मानी आ.व.०८१।८२को हकमा दामासाहिले गणना गरी कुल सम्झौता रकम कायम गरिनेछ बाँकी वर्षहरुमा कवोल अंक र वार्षिक १० प्रतिशत बृद्धि गरी उक्त अंकलाई नै न्यूनतम कवोल अंक मानिनेछ ।

२०. यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।